अनुसुची-१६

दफा ३३ को उपदफा (३) सँग सम्वन्धित

वन पैदावार लिलाम बिक्रिको विस्तृत सुचना

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-५,सालभौरी,दाङ

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८३/६/६)

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट पुनरुत्पादन कटान र ढलापडा तर्फ आ.व.२०८२/०८३ मा संकलन गरी डिभिजन वन कार्यालय दाङ(देउखुरी)को चलानी नम्बर २८३ मिति २०८३/६/०१ गतेको लिलाम बिक्रिको लागि सहमति अनुसार सामुदायिक वनको घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना गणतन्त्र दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औं दिन १२:०० बजे भित्र डिभिजन वन कार्यालय, दाङ(देउखुरी) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हन गरिन्छ।

तपशिलः –

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण(घ.फि.)/चट्टा | दर प्रति घ.फि./चट्टा | न्यूनतम मुल्य (रु) | कटान मुछान खर्च(रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | गोलिया | ए | २४ | ३७५.६७ | १२५० | ४६९५८७.५ | प्रति घ.फि २०८ | धाङ्ग ४ र ५ |
| | | | बी | २७ | ३१८.५६ | ९०० | २८६७०४ | | |
| | | | सी | ५७ | ४८७.९१ | ६०० | २९२७४६ | | |
| | | | डी | १ | १.३६ | ३०० | ४०८ | | |
| | अन्य | | | १२ | ७४.६६ | १०० | ७४६६ | | |
| | आँप | | | १० | ८६.६२ | २०० | १७३२४ | | |
| | चिउरी | | | ९ | ३७.११ | १०० | ३७११ | | |
| | जामुन | | ए | १ | ११.२४ | ४०० | ४४९६ | | |
| | | | बी | ६ | ६५.७९ | ३०० | १९७३७ | | |
| | | | सी | १२ | ५३.१६ | १०० | ५३१६ | | |
| | धौंटि | | | ३ | ११.२४ | १०० | ११२४ | | |
| | | | जम्मा | १६२ | १५२३.३२ | | ११०८६१९.५ | | |
| | अन्य | दाउरा | चट्टा | | ५ | ४००० | २०००० | प्रति चट्टा १२००० | |
| जम्मा | | | | | | | ११२८६१९.५ | | |
| २ | अस्ना | गोलिया | ए | ३० | ५४२.०९ | ४०० | २१६८३६ | प्रति घ.फि २०८ | धाङ्ग ६ |
| | | | बी | ५२ | ४८९.९५ | ३०० | १४६९८५ | | |
| | | | सी | ७७ | ३७६.०३ | १०० | ३७६०३ | | |
| | जम्मा | काठ | | १५९ | १४०८.०७ | | ४०१४२४ | | |
| | साल | दाउरा | चट्टा | | १० | १२००० | १२०००० | प्रति चट्टा १२००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ५२१४२४ | | |
| | साल | गोलिया | ए | २८ | [illegible] | १२५० | ४९७२३८ | प्रति घ.फि २०८ | धाङ्ग १ |
| | | | बी | २७ | [illegible] | ९०० | २७६९०३ | | |
| | | | सी | ५८ | [illegible] | ६०० | १७४३४८ | | |
| | | | डी | १ | २.५० | ३०० | ७७१ | | |
| जम्मा | | | | ११४ | ९९८.६१ | | ९४९२६० | | |
| कुल | काठ | | | ४३५ | . ३९३०.०० | | | | |
| | दाउरा | | | चट्टा | १५ | | | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०६/२६ गते, समय ५:०० बजे भित्र सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०६/२७ गते, समय १२:०० बजे भित्र सम्म ।

ग) बोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अर्थात दाखिला गर्ने दिन नै निर्धारित समयमा बोलपत्र खरिद गरि सोही दिन दाखिला गर्ने लाई मान्यता दिईनेछ। साथै दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट तोकिएको समयमा दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी बापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लि.लमहीशाखा स्थित खाता नं. ४२९०१००००२१५९००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. बोलपत्रको प्रत्येक लटका लागि रु. एक लाखदेखी १० लखासम्म न्यूनतम मुल्य भएको रु.१,०००।– र रु.दसलाख भन्दा बढी न्यूनतम मूल्य कायम भएको रु.२०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ(देउखुरी)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५.बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६. बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

८. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/६/२७ गते दिनको १४:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०.लिलाम स्विकृत भएको जानकारी प्रास भएको ४५(पैतालिस)दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि,कर,सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. लिलाम स्वीकृत भएको जानकारी प्रास भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१२. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१३. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

समूह, लमही-८, दाङ देउखुरी

## गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्रिको सुचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०६/०६ गते

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-५,सालभौरी दाङ(देउखुरी) को बनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल जात र अन्य जात समेत गरि जम्मा गोलिया थान ४३५ को ३९.२९.९९ घनफिट काठ तथा साल जातको १० चट्टा र अन्य जातको ५ गरि जम्मा १५ चट्टाजे जस्तो अवस्थामा छ. सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

(अध्यक्ष)

**श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह**
राजपुर गा.पा.वडा नं.-५ (सालभौरी दाङ(देउखुरी)

## कुल पठाऔं सरासरी

अभियान